दर्ता नं. २००१४८/०७५/०७६ पान नं. ६०६५७६७५६

# झापा इनर्जी लिमिटेड
# Jhapa Energy Limited

प.सं. २०८२/८३
च. नं.: ७६

मिति: २०८२/०९/३०

श्री नेपाल स्टक एक्सचेन्ज लि.
युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाडौं

**विषय: जानकारी गराईएको सम्बन्धमा ।**

**महोदय,**

उपरोक्त सम्बन्धमा यस झापा इनर्जी लिमिटेडको मिति २०८२/०९/१८ गते सम्पन्न आ.व. २०८१/८२ को सातौं बार्षिक साधारण सभाको काम कारबाहीको विवरण (बैठक माईन्यूट) यसै पत्र साथ संलग्न गरी त्यस कार्यालयमा पेश गरिएको व्यहोरा जानकारी गराइन्छ ।

भवदीय,

सरोज श्रेष्ठ
कम्पनी सचिव

बिर्तामोड-४, झापा, नेपाल फोन नं.: ०२३-५९०६४२
Email: solarpower@jhapanenergy.com.np, Website: www.jhapaenergy.com.np

# झापा इनर्जी लिमिटेडको

## सातौं वार्षिक साधारण सभाको निर्णय पुस्तिका(माइनुट)

यस झापा इनर्जी लिमिटेडको सातौं वार्षिक साधारण सभाको बैठक संचालक समितिका अध्यक्ष श्री लाल प्रसाद सावा लिम्बूज्यूको अध्यक्षतामा निम्न संचालक /सदस्य तथा शेयरधनीहरुको उपस्थितिमा देहायको मिति, स्थान र समयमा बसी तपसिलका प्रस्ताव माथि छलफल गरी निम्न बमोजिम हुने गरी निर्णय गरियो ।

**स्थान** : इन्द्रेणी ब्याङ्केट बिर्तामोड ४, झापा
**मिति** : २०८२ साल पुस १८ गते शुक्रबार (जनवरी २, २०२६)
**समय** : दिनको ११ बजे

### सभाको वैधानिकता

साधारण सभाको कारवाही शुरु हुनुभन्दा अगाडि यस सभा कम्पनीको नियमावली बमोजिम बोलाइको हो वा होइन, वैधानिक छ, छैन भनी यकीन गर्नको लागि सभाको वैधानीकता माथि विचार गरियो । कम्पनी ऐन, २०६३ को दफा ६७(२) तथा कम्पनीको नियमावलीको नियम १८ को उपनियम ३ बमोजिम यस साधारण सभा बोलाईएको र सोको सूचना मिति २०८२/०८/२३ को नयाँ प्रत्रिका राष्ट्रिय दैनिकमा प्रथम पटक र मिति २०८२/०८/२७ इजलास राष्ट्रिय दैनिकमा दोस्रो पटक सूचना प्रकाशित गरिएको थियो । कम्पनीको बार्षिक प्रतिवेदन तथा साधारण सभाको सूचना कम्पनीको वेभसाइट तथा अन्य विद्युतिय माध्यमबाट समेत शेयरधनीहरुलाई जानकारी गराईएको थियो । त्यस्तै कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिमको गुणपुरुक संख्या गणना गर्दा ५६.४३ प्रतिशत शेयरधनीहरु स्वयम वा प्रोक्सीको माध्यमबाट उपस्थित रहेकोले कम्पनी ऐन तथा कम्पनीको नियमावली बमोजिम सभालाई वैधानीक घोषित गरी यस बार्षिक साधारण सभाको कामकारबाहि अगाडि बढाईएको छ।

### उपस्थिति

**संचालक**

| | |
|---|---|
| श्री लाल प्रसाद साँवा लिम्बु | अध्यक्ष |
| श्री सुवास भट्टराई | प्रवन्ध संचालक |
| श्री ढिराज शर्मा शिवाकोटी | संचालक |
| श्री पवित्रा देवी महतारा | संचालक |
| श्री रामचन्द्र उप्रेती | संचालक |
| श्री नरहरी फूयाँल | संचालक |
| श्री नारायण प्र प्रोखेल | संचालक |
| श्री भिम बहादुर लिवाङ | स्वतन्त्र संचालक |
| श्री दिपेन्द्र प्रसाई | स्वतन्त्र संचालक |

Jhapa energy Limited
झापा इनर्जी लि.

**अन्य पदाधिकारीहरु**

| | |
|---|---|
| श्री कमल प्रसाद पनेरु | वित्तिय सल्लाहकार |
| श्री सरोज श्रेष्ठ | कम्पनी सचिव तथा महाप्रबन्धक |
| श्री राम प्रसाद भट्टराई | प्रतिनिधि, हिमालयन क्यापिटल लि. |

**विशेष अतिथि तथा आमन्त्रित**

| | |
|---|---|
| देवेन्द्र दाहल | आमन्त्रित |
| झलक बहादुर मगर | आमन्त्रित |

**सामान्य प्रस्तावहरु**

१. अध्यक्षज्युको मन्तब्य तथा सातौं बार्षिक साधारण सभाका लागि संचालक समितीको तर्फबाट प्रस्तुत बार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

२ यस कम्पनीको लेखापरीक्षकद्धारा प्रस्तुत आ.व. २०८१/८२ को लेखापरीक्षण प्रतिवेदन सहितको वित्तिय विवरण (वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, अनुसुची सहितको वित्तीय विवरणहरु) अनुमोदन गर्ने ।

३ यस कम्पनीको सहायक कम्पनी झापा एग्रो ईण्डष्ट्रिज प्रा. लि. सहितको आ.व. २०८१/८२ को लेखापरीक्षण गरिएको एकीकृत (Consolidated) वित्तिय विवरण अनुमोदन गर्ने ।

४ कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व २०८२/८३ का लागि लेखापरीक्षकको नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने ।

५ संचालक समितिले आ.व २०८१/८२ मा गरेका निर्णयहरु छलफल गरी अनुमोदन गर्ने ।

६ कम्पनीको नियमावलीको नियम २७(२) बमोजिम सर्वसाधारण समूहबाट दुई (२) जना सञ्चालकको निर्वाचन/चयन गर्ने ।

७ विविध ।

**विषेश प्रस्तावहरु**

१ संचालक समितिका सदस्यहरुको तलब तथा बैठक भत्ता छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२ संगठनात्मक ढाँचा (Organizational Chart) मा प्रमुख सल्लाहकार रहने गरी संशोधन गर्ने ।

३ विविध

**बार्षिक प्रतिवेदन लगायतका प्रतिवेदनहरु तथा प्रस्तावहरु बारे छलफल**

यस कम्पनीको सातौं बार्षिक साधारण सभाको वैधानिकताको छलफल पश्चात कम्पनीको संचालक समितिको तर्फबाट श्री पवित्रा देवी महताराज्यूले स्वागत मन्तव्य व्यक्त गर्नु भयो । तत्पश्चात यस सभाको अध्यक्षता गर्नु भएको संचालक समितिका अध्यक्ष श्री लाल प्रसाद सावा लिम्बु ज्युले सभामा उपस्थित हुनु भएका सम्पुर्ण शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै आ. व. २०८१/८२ को सञ्चालक समितिको बार्षिक प्रतिवेदन सभामा पेश गर्नु भयो । अध्यक्षज्यूले यस बार्षिक साधारण सभामा छलफल गरी पारित गर्न पर्ने सामान्य र विशेष प्रस्तावहरु उपर छलफलका लागि समेत अनुरोध गर्नु भयो ।

Jhapa energy Limited झापा इनर्जी लि.

**छलफलमा सहभागी शेयरधनीहरुको जिज्ञासा तथा सुझावहरु**

कम्पनीको आ.व. २०८१/८२ को यस सभामा अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको संचालक समितिको प्रतिवेदन, यस कम्पनीको लेखापरीक्षकद्धारा प्रस्तुत आ.व. २०८१/८२ को लेखापरीक्षण प्रतिवेदन सहितको वित्तिय विवरण (वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, अनुसुची सहितको वित्तीय विवरणहरु), यस कम्पनीको सहायक कम्पनी झापा एग्रो ईण्डष्ट्रिज प्रा. लि. सहितको आ.व. २०८१/८२ को लेखापरीक्षण गरिएको एकीकृत (Consolidated) वित्तिय विवरण उपर आफ्नो मन्तव्य, जिज्ञासा तथा सुझावहरु भए जानकारी गराउन हुन सभाको अध्यक्षज्यूले शेयरधनी समक्ष अनुरोध गर्नु भयो ।

अनुरोध पश्चात निम्न शेयरधनी महानुभावहरुले देहाय बमोजिमको मन्तव्य, जिज्ञासा तथा सुझावहरु व्यक्त गर्नु भयो ।

क. गणेश पोखेल

ख. त्रिलोचन प्रसाई

ग. संजिव चापागाई

घ. चण्डी प्रसाद अधिकारी

आफ्नो मन्तव्य, जिज्ञासा तथा सुझावहरु राख्नु हुने शेयरधनी महानुभावहरुले यस कम्पनीले सौर्य विद्युत आयोजना समयमा नै सम्पन्न गरी देशको उर्जा क्षेत्रमा गरेको टेवा तथा कम्पनीको कार्य प्रगति प्रति कम्पनीका संचालक समिति, कर्मचारी तथा सल्लाहकारहरु प्रति धन्यवाद व्यक्त गर्नु भयो । यस सभामा माथि उल्लेखित शेयरधनीहरुले कम्पनीको संस्थापक शेयर अभौतिकरण हुने कार्य कहिले सम्पन्न हुने, संस्थापक शेयरको लकइन पिरियड कहिले सम्पन्न हुने, विद्युत विक्रि सम्बन्धी भएको सम्झौता के कस्तो रहेको, कम्पनीको भविष्यको लाभांश तथा आम्दानी प्रक्षेपण कस्तो रहेको , अन्य आयोजनाहरुमा लगानी गर्ने सम्बन्धमा संचालक समितिको धारणा के कस्तो रहेको जस्ता जिज्ञासाहरु राख्नु भयो । शेयरधनीहरुले यस सभामा राख्नु भएका जिज्ञासाहरुको उत्तर तथा स्पष्टिकरण यस कम्पनीको व्यवस्थापनले दियो ।

यस सभामा शेयरधनीहरुको जिज्ञासा र उत्तरको पश्चात बार्षिक साधारण सभामा पेश भएको प्रस्तावहरु पारित तथा अनुमोदन गर्ने कार्य शुरु गरिएको थियो ।

**सामान्य प्रस्तावहरु उपरका निर्णयहरु:-**

१. यस वार्षिक साधारण सभामा अध्यक्षज्युको मन्तव्य र कम्पनीमा भएको काम कारोबार समेतको संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको आ.ब. २०८१/८२ को वार्षिक प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

२. वार्षिक साधारण सभामा यस कम्पनीको लेखापरीक्षक P. Naresh & Associates, Chartered Accountants को आ.व. २०८१/८२ को लेखापरीक्षण प्रतिवेदन सहितको वित्तिय विवरण (वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, अनुसुची सहितको वित्तीय विवरणहरु) पारित गर्ने निर्णय गरियो ।

Jhapa energy Limited झापा इनर्जी लि.

३. यस कम्पनीको सहायक कम्पनी झापा एग्रो ईण्डष्ट्रिज प्रा. लि. सहितको आ.व. २०८१/८२ को लेखापरीक्षण गरिएको एकीकृत (Consolidated) वित्तिय विवरण पारित गर्ने निर्णय गरियो ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व २०८२/८३ का लागि लेखापरीक्षकको नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने सम्बन्धमा छलफल हुँदा आर्थिक बर्ष २०८२/८३ को लागि लेखापरिक्षक P. Naresh & Associates, Chartered Accountants लाई रु. १००,०००/- (मु.अ.क.बाहेक) पारिश्रमिक प्रदान गर्ने गरी पेश भएको प्रस्तावलाई पारित गर्ने निर्णय गरियो ।

५. यस कम्पनीको संचालक समितिले हालसम्म गरेको निर्णयहरु अनुमोदन गर्ने सन्दर्भमा छलफल हुँदा निर्णयहरु सबै निर्णयहरु कानुन सम्भत तथा कम्पनीको हितका लागि भएकाले संचालक समिति गरेको निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

६. कम्पनीको नियमावलीको नियम २७(२) बमोजिम सर्वसाधारण समूहबाट दुई (२) जना सञ्चालकको निर्वाचन/चयन गर्ने सम्बन्धमा छलफल हुँदा यस कम्पनीले सर्वसाधारणलाई प्राथमिक शेयर निष्काशन गरे पछि भएको यस वार्षिक साधारण सभामा निर्वाचन अधिकृतले सभालाई जानकारी गराए बमौजिम यस कम्पनीको नियमावलीको नियम २७(२) बमोजिम सर्वसाधारण समूहबाट दुई (२) जना सञ्चालकमा श्री केदार पौडेल र मन्दिरा भट्टराईलाई नियुक्त गर्ने प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

७. यस वार्षिक साधारकण सभाको निर्धारित सामान्य प्रस्तावहरु समाप्त भई विविधमा कुनै प्रस्ताव नभएकोले यस सम्बन्धमा छलफल तथा निर्णय भएन ।

**विशेष प्रस्तावहरु उपरका निर्णयहरु:-**

१. संचालक समितिका सदस्यहरुको तलब तथा बैठक भत्ता निर्धारण गर्ने सम्बन्धमा छलफल हुँदा यस कम्पनीको सञ्चालक समितिको अध्यक्षले मासिक रु. १,००,०००, प्रबन्ध संचालकले मासिक रु. ५०,००० र सञ्चालक समितिका सदस्यहरुले बैंठक भत्ता बापत प्रति बैठक रु. ५,००० पाउने गरी यस कम्पनीको संचालक समितिका सदस्यहरुको तलब तथा बैठक भत्ता तय गर्ने प्रस्ताव पारित गरियो। त्यस्तै विगतका अर्थिक वर्षहरुमा यस कम्पनीका संचालक समितिको निर्णय बमोजिम संचालक समितिका अध्यक्ष र अन्य सदस्यहरु लिएका तलब तथा भत्ता पारित गर्ने निर्णय गरियो ।

२. संगठनात्मक ढाँचा (Organizational Chart) मा प्रमुख सल्लाहकार रहने गरी संशोधन गर्ने सम्बन्धमा छलफल हुँदा सम्भावित नयाँ आयोजनाहरु अध्ययन, आयोजनामा आउन सक्ने प्राविधिक समस्याहरुको न्यूनिकरण, सौर्य उर्जा क्षेत्रमा भएका विकासहरुको अध्ययन तथा अनुसन्धान गरी सम्भावित लगानीहरु गर्न यस कम्पनीमा संगठनात्मक ढाँचा (Organizational Chart) मा प्रमुख सल्लाहकारको व्यवस्था गर्ने र उल्लेखित आवश्यकतालाई मध्यनजर गर्दै प्रमुख सल्लाहकार नियुक्ति तथा कार्य विवरण तय गर्ने अख्तियारी यस कम्पनीको संचालक समितिलाई दिने प्रस्ताव पारित गरियो ।

Jhapa energy Limited झापा इनर्जी लि.

३. यस वार्षिक साधारण सभाको निर्धारित विशेष प्रस्तावहरु समाप्त भई विविध अन्तर्गत कुनै प्रस्ताव नभएकोले यस सम्बन्धमा छलफल तथा निर्णय भएन ।

अन्त्यमा अध्यक्षज्यूले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई वाहाँहरुको अमुल्य सल्लाह, सुझाव तथा सभामा सक्रिय रुपमा सहभागी भै पेश भएका प्रस्तावहरुलाई सर्बसम्मती बाट पारित गरिदिनु भएकोमा हार्दिक धन्यवाद दिदै आभार प्रकट गर्नु भयो । यस आयोजना सम्पन्न गर्न सहयोग पुऱ्याउन हुने कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल विद्युत प्राधिकरण, विद्युत नियमन आयोग, विद्युत विकास विभाग, उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, आयोजनामा ऋण लगानी गर्ने माछापुछ्रे बैंक लि. र हिमालयन बैंक लि., शेयरधनिहरु, संचालकज्युहरु, लेखापरीक्षक; सल्लाहकारज्यूहरु र कम्पनी सचिव तथा कर्मचारीहरूलाई सहयोगको लागि आभार प्रकट गर्दै हार्दिक धन्यवाद व्यक्त गर्नु भयो ।

Jhapa energy Limited
झापा इनर्जी लि.

सरोज श्रेष्ठ
कम्पनी सचिव

लाल प्रसाद साँवा लिम्बु
अध्यक्ष